# वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका,२०७५

सरकारी पदाधिकारीको वैदेशिक भ्रमणलाई उपयोगी, नतिजामूलक, मितव्ययी, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकाले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :(१) यस निर्देशिकाको नाम "वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "मन्त्रालय वा निकाय" भन्नाले नेपाल सरकारको मन्त्रालय, संवैधानिक निकाय वा केन्द्रीयस्तरको कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ ।

(ख) "सरकारी पदाधिकारी" भन्नाले नेपाल सरकारको बजेट वा अनुदान वा नेपाल सरकारको नाममा प्राप्त वैदेशिक सहायताबाट पारिश्रमिक, भत्ता वा सुविधा पाउने सार्वजनिक पद धारण गरेका पदाधिकारी वा कर्मचारी सम्झनु पर्छ ।

(ग) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारको मुख्य सचिव र सचिव सरहको कार्यसम्पादन गर्ने नेपाल सरकारको विशिष्ट श्रेणीको अन्य अधिकृत समेतलाई जनाउँछ ।

(घ) "वैदेशिक भ्रमण" भन्नाले नेपाल सरकारको विनियोजित बजेट, अनुदान वा नेपाल सरकारलाई प्राप्त हुने वा भएको कुनै पनि किसिमको वैदेशिक सहायता वा प्रायोजनवाट खर्च व्यहोरिने गरी गरिने देहाय बमोजिमको भ्रमण सम्झनु पर्छ :

(१) नेपाल र विदेशी मुलुक बीचको द्विपक्षीय संयन्त्रमा नेपालको प्रतिनिधित्व गरी सहभागी हुने विषय;

(२) नेपालको तर्फवाट अन्तर्राष्ट्रिय, क्षेत्रीय वा द्विपक्षीय वार्ता, सभा, सम्मेलन वा बैठकमा प्रतिनिधित्व गर्ने विषय;

(३) नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ, सङ्गठनका कार्यकारिणी समितिको बैठक, अधिकार सम्पन्न वार्षिक महासभा, महाधिवेशन, आवधिक बैठक वा सभा सम्मेलनमा प्रतिनिधित्व गर्ने विषय;

(४) अन्तर्राष्ट्रिय, क्षेत्रीय वा द्विपक्षीय सन्धि, सम्झौता अन्तर्गत नेपालको तर्फबाट गर्नु पर्ने प्रतिनिधित्वको विषय;

(५) कुनै विदेशी सरकार वा मातहतको निकाय वा अन्तर्राष्ट्रिय सङ्गठन वा दातृ निकाय वा विकास साझेदार वा विश्वविद्यालय वा अन्य कुनै संस्थाले अध्ययन, तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया वा बैठकको लागि संस्थागत निमन्त्रणाको आधारमा, त्यस्तो कार्यक्रममा सहभागी हुने विषय;

(६) नेपाल सरकारवाट स्वीकृत कार्यक्रमको आधारमा वैदेशिक अध्ययन, तालिम वा अन्तरक्रियामा सहभागी हुने विषय;

(७) सरकारी पदाधिकारीको क्षमता विकासको लागि हुने उच्च शिक्षा अध्ययन वा तालिममा सहभागी हुने विषय;

(८) खोज, अपराध अनुसन्धान तथा तहकिकातका सिलसिलामा गरिने वैदेशिक भ्रमणको विषय;

(९) शोध तथा प्रवर्द्धनात्मक भ्रमण सम्बन्धी विषय ।

३. <u>वैदेशिक भ्रमणको सिफारिस तथा मनोनयनको आधार तथा प्रक्रिया</u> : (१) दफा ४ को उपदफा (१) बमोजिमको वैदेशिक भ्रमणका लागि सिफारिस तथा मनोनयन गर्दा विषयको सान्दर्भिकता, विषयको विज्ञता र उपयुक्तता, कार्यसम्पादनस्तर, जेष्ठता, यस अघि वैदेशिक भ्रमणको अवसर पाए वा नपाएको र समावेशिता भए वा नभएको जस्ता पक्षलाई आधार लिनु पर्नेछ ।

(२) वैदेशिक भ्रमण सम्बन्धी मनोनयनको निर्णय गर्दा त्यस्तो भ्रमणको सान्दर्भिकता, उपयुक्तता, आवश्यकता र औचित्यताको आधारमा मात्र गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस तथा मनोनयन गर्दा दुर्गम क्षेत्र, स्थानीय तह र प्रदेशमा काम गरिरहेको सरकारी पदाधिकारीलाई प्राथमिकता दिनु पर्ने छ ।

(४) वैदेशिक भ्रमणको प्रयोजनको लागि पद अनुसारको सूची तयार गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा निकायको हुनेछ ।

(५) नेपाल सरकारलाई प्राप्त हुने उच्च शिक्षा अध्ययनको छात्रवृत्तिका विषयमा सम्भाव्य सबै सरकारी पदाधिकारीको पहुँच सुनिश्चित गर्न मन्त्रालयको वेवसाइट मार्फत सूचना दिनु पर्नेछ।